बागमती प्रदेश सरकार

# उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय

(श्रम, रोजगार तथा यातायात क्षेत्र)

पत्र सङ्ख्याः २०८३/८४
चलानी नम्बरः

हेटौंडा, नेपाल

## प्रेस विज्ञप्ति

मिति २०८३ भदौ १० गते रसुवाको भोटेकोशी नदीमा अकस्मात आएको विनाशकारी बाढी तथा गेग्रानयुक्त बहावले रसुवा, नुवाकोट, धादिङलगायत त्रिशूली नदी तटीय क्षेत्र हुँदै तल्लो भूभागसम्म ठूलो जनधनको क्षति पुऱ्याएको घटनाप्रति उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय, बागमती प्रदेश गहिरो दुःख व्यक्त गर्दछ।

यस अकल्पनीय विपद्मा परी ज्यान गुमाउनु हुने सम्पूर्ण व्यक्तिहरूप्रति मन्त्रालय हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ। साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ता व्यक्तिहरूको यथाशीघ्र खोज तथा सकुशल उद्धार हुन सकोस् भन्ने कामना गर्दछ।

बाढीले आवासीय क्षेत्र, सडक तथा पुल, विद्युत् संरचना, बजार क्षेत्र, पर्यटन तथा व्यापारिक प्रतिष्ठान, जलविद्युत् आयोजना, निर्माणस्थललगायत विभिन्न कार्यस्थलमासमेत ठूलो क्षति पुऱ्याएको छ। प्रारम्भिक विवरणअनुसार विभिन्न जलविद्युत् आयोजना तथा अन्य कार्यस्थलमा कार्यरत ठूलो संख्याका श्रमिक, प्राविधिक, चालक, निर्माण मजदुर, सेवा क्षेत्रमा कार्यरत कर्मचारी तथा अन्य कामदारहरू प्रभावित, घाइते तथा सम्पर्कविहीन रहेको जानकारी प्राप्त भएको छ। यस अवस्थाले विपद्को मानवीय क्षतिसँगै श्रमिक तथा तिनमा आश्रित परिवारको जीविकोपार्जनमा समेत गम्भीर प्रभाव पारेको छ।

विपद्को यस घडीमा उद्धार, राहत र पुनर्स्थापना कार्यमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, स्वयंसेवक, स्थानीय समुदाय तथा विभिन्न संघसंस्थाबाट भइरहेको प्रयासप्रति मन्त्रालय उच्च सम्मान व्यक्त गर्दछ।

श्रम तथा रोजगार क्षेत्रको जिम्मेवारीसमेत वहन गर्दै यस मन्त्रालयले विशेषगरी विपद्बाट प्रभावित श्रमिक तथा तिनका परिवारको संरक्षणको विषयलाई प्राथमिकताका साथ अगाडि बढाउन कटिबद्ध छ। तदनुरूप, बागमती प्रदेश सरकारबाट खोज, उद्धार तथा राहतका लागि सम्बद्ध सबै निकायहरू परिचालित गर्दै राहत, प्रतिकार्य र पुनर्लाभ सम्बन्धमा उच्च सक्रियता बढाइ सकिएको छ। विशेषगरी प्रभावित श्रमिकहरू र परिवारजनलाई आवश्यक सहयोग, राहत तथा समन्वयका लागि यस मन्त्रालय हरदम तत्पर रहने प्रतिबद्धतासमेत व्यक्त गर्दछ।

विक्रम संवत् भदौ ११, २०८३
नेपाल संवत्: ११४६ गुलाथ्व चतुर्दशी

(सुनिता गजुरेल)
प्रवक्ता

फोन नं. ०५७-५९०३६२, इमेलः molet@bagamati.gov.np, वेबसाइटः molet.bagamati.gov.np